सरकारबाट मिति २०६५।९।१३ मा स्वीकृत भएकोले सोही ऐनको दफा ३ को उपदफा ३.३ को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसील

पूर्व: डबरी सोता (खोल्सी) सांध।
पश्चिम: कटुवा खोलाको साँध।
उत्तर: दाङ्ग जिल्लाको घोराही नगरपालिका वडा नं.५ (ग) र (घ) बीचको सिमाना र वडा नं. ५ (ग) को कि.नं. ८९,९०,९२,९३, ९८,९९,१००,१०२,१५०,१५६,१५७,१५८,१६०,३८३,३८४र४०९ कित्ताहरू सो कार्यक्रममा समावेश हुने गरी।
दक्षिण: घोराही नगरपालिका वडा नं. ४ र ५ बीचको सिमाना।

आज्ञाले,
उमाकान्त झा
नेपाल सरकारको सचिव

## नेपाल सरकार

## श्रम तथा यातायात व्यवस्था मन्त्रालयको सूचना

नेपाल सरकार र जापान अन्तर्राष्ट्रिय प्राविधिक सहयोग संस्था (JITCO) बीच सम्पन्न समझदारी पत्र (Memorandum of Understanding) अनुसार नेपालबाट औद्योगिक प्रशिक्षार्थी कामदार जापान पठाउन नेपाल उद्योग वाणिज्य महासंघसंग नेपाल सरकारले गरेको समझदारी पत्रलाई कार्यान्वयन गर्न प्रयोजनका लागि वैदेशिक रोजगार संचालन गर्ने संस्थाले वैदेशिक रोजगारीमा कामदार पठाउँदा वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम पूरा गर्नुपर्ने शर्तहरू मध्ये इजाजतपत्र दस्तूर र धरौटी रकम राख्न पर्ने शर्त नेपाल उद्योग वाणिज्य महासंघको हकमा लागू नहुने गरी वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो बाधा अड्काउ फुकाउने आदेश जारी गरेको छ।

आज्ञाले,
युवराज पाण्डे
नेपाल सरकारको सचिव

३९८



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु. १४। फोन नं. ४२४०८६२